ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs. Date: 08.11.2025

## झूम इन्टरनेशनल

भिन्न रूपले सक्षम व्यक्तिहरूका लागि पहिलो पटक आयोजना गरिएको राष्ट्रिय प्रतिभा खोज कार्यक्रम 'झूम इन्टरनेशनल' को भव्य समापन आज गान्तोकको मनन केन्द्रमा भएको छ। अपाङ्गता भएका व्यक्तिहरूभित्र लुकेको असाधारण प्रतिभा र दृढ संकल्पलाई प्रदर्शन गर्दै यो कार्यक्रम समावेशीता, आत्मविश्वास र कलात्मक अभिव्यक्तिको उत्सव बन्यो।

समावेशीतालाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित यस विशेष सांस्कृतिक कार्यक्रमको फाइनलमा भारतभरिका विभिन्न राज्यबाट 30 भन्दा बढी सहभागीहरूले भाग लिएका थिए। प्रतियोगीहरूले नृत्य र गायनदेखि रचनात्मक नाट्य प्रस्तुतिका विविध कलाहरू पेश गरे।

शान्तिधाम फाउण्डेसनले सिक्किम क्रान्तिकारी मार्चा पार्टीको सामाजिक सेवा प्रकोष्ठ र सारथीसँगको सहकार्यमा तथा सिक्किम राज्य सहकारी सङ्घको सहयोगमा आयोजना गरेको यस कार्यक्रममा समाज कल्याण विभागका मन्त्री साम्डुप लेप्चा मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुनथ्यो।

आफ्नो सम्बोधनका क्रममा समाज कल्याण विभागका मन्त्री साम्डुप लेप्चाले,आयोजकहरू एवम् सहभागीहरूको प्रेरणादायी प्रदर्शनको खुलेर प्रशंसा

गर्‍नुभयो। उहाले भिन्न रूपले सक्षम व्यक्तिको उत्थान र सशक्तिकरणका लागि यस्ता समावेशी मञ्चहरू प्रदान गर्नुको महत्त्वमाथि विशेष जोड दिँदै प्रतियोगीहरूको असाधरण क्षमताको प्रसंसा गर्दै राज्य सरकारले अनेकौं दिव्याङ्गजन मैत्री योजनाहरू समावेश गरेको उल्लेख गर्‍नुभयो।

## गोन्जाङ गुम्बा

भूटानका प्रधानमन्त्रले गान्तोक जिल्ला अन्तर्गत बोजोघारि फाटकको गोन्जाङ गुम्बाका  रिनपोछेलाई ग्लोबल पिस प्रेयर फेस्टिभल 2025 मा सहभागी हुन औपचारिक रूपमा आमन्त्रण गर्नुभएको थियो। यस अवसरमा, 6 नोभेम्बरमा रिनपोछे थिम्फु, भूटान पुग्नुभएको थियो भने,7 नोभेम्बरको साँझ,  रिनपोछेले भूटानका  राजा तथा राजपरिवारका सदस्यहरूसँग राजदरबारमा विशेष भेटवार्ता गर्नुभएको थियो त्यसपछि 8 नोभेम्बरमा रिनपोछेले बुद्ध पार्कमा आयोजना गरिएको भव्य ग्याशी पूजा समारोहमा सहभागिता जनाउनुभयो। उहाँले पूजा अर्पण गर्दै सिक्किमवासी र सम्पूर्ण प्राणीहरूको सुख, शान्ति र कल्याणको कामना गर्नुभयो।

उहाँले 9 नोभेम्बर ग्लोबल पिस प्रेयर कार्यक्रममा सहभागिता जनाउँदै प्रमुख रिनपोछेहरूसँग संयुक्त रूपमा पूजा कार्यक्रमको अध्यक्षता गर्नुभयो। रिनपोछेको 13 नोभेम्बरमा सिक्किम फर्किने कार्यक्रम रहेको छ।

## लाचुङ जोम्सामा

खाद्य तथा नागरिक आपूर्ति विभाग, मङ्गन जिल्लाको टोलीले चुङथाङका  गोदाम इन्चार्ज सुदीप चन्द्र राईको नेतृत्वमा लाचुङ जोम्साका बासिन्दाहरूका लागि

जुलाईदेखि सेप्टेम्बर 2025 अवधिको सार्वजनिक वितरण प्रणाली (PDS) अन्तर्गत तोकिएको मासिक कोटा वितरण कार्य सुरु गरेको छ।

जोम्साको परम्परागत प्रथाअनुसार पिपोनहरूको सिफारिसका आधारमा, राष्ट्रिय सुरक्षा ऐन 2013 लागू भएपछि यहाँ प्रत्येक तीन महिनामा एकपटक यी सामग्री सामूहिक रूपमा वितरण गरिँदै आएको छ। यस अवसरमा भारत सरकारको निर्देशनअनुसार विशेष ई–केवाइसी शिविर पनि आयोजना गरिएको थियो, जसमा लाचुङ जोम्साका पिपोन सोनम छेरिङ लाचुङ्पाको सहयोग र व्यवस्थापनमा कार्यक्रम सम्पन्न भयो। उक्त शिविरमार्फत AAY र PHH श्रेणीका करिब 70 प्रतिशत लाभार्थीहरूलाई ई–केवाइसी प्रणालीमा समावेश गरिएको छ। त्यसैगरी, वरिष्ठ नागरिक, बिरामी तथा दिभ्याङ लाभार्थीहरूका लागि घरदैलो सेवा पनि सञ्चालन गरिएको थियो, जसअन्तर्गत विभागका अधिकारीहरूले लाभार्थीहरूको घरमै पुगेर आवश्यक विवरण अपडेट गरे।

**बास्केटबल**

सिक्किम बास्केटबल Association को आयोजनामा आज पाल्जोर स्टेडियमको इनडोर बास्केटबल कोर्टमा अन्तर्राष्ट्रिय बास्केटबल प्रतियोगिता सम्पन्न भयो। उक्त प्रतियोगिताको उद्देश्य युवाहरूलाई खेलकुदतर्फ आकर्षित गर्नु र सिक्किममा खेलसंस्कृति प्रवर्द्धन गर्नु रहेको थियो।कार्यक्रममा विधायक आदित्य गोले मुख्य अतिथिको रूपमा उपस्थित रहनुभयो। उहाँले प्रतियोगिताका उत्कृष्ट खेलाडीहरूलाई सम्मानस्वरूप दस हजार नगद पुरस्कार घोषणा गर्दै युवाहरूलाई खेलकुदमा निरन्तर प्रयासरत रहन प्रेरित गर्नुभयो। सिम्फेड (SIMFED) का अध्यक्ष

तथा सिक्किम बास्केटबल सेसोसिएसनका प्रमुख संरक्षक  तेन्जिङ दोर्जे भूटियाले आदित्य गोलेको उपस्थिति र खेलकुदमा युवाहरूको सहभागिता प्रोत्साहित गर्ने समर्थनप्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो। उहाँले सिक्किमका युवा खेलाडीहरूको क्षमता विकास र बास्केटबल खेलको सुदृढीकरणका लागि भइरहेको प्रयासको सराहना गर्दै निरन्तर सहयोगको प्रतिबद्धता जनाउनुभयो।